संघीय संसद
प्रतिनिधि सभा
एघारौं अधिवेशन
बैठक संख्या - २९

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०७९ साल असार ७ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री अग्निप्रसाद सापकोटाको अध्यक्षतामा दिनको १:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै ने.क.पा. (एमाले)का मा० सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले मा० श्री विशाल भट्टराईलाई समय दिनुहुँदा उहाँले मध्यम परिवारको विभिन्न किसिमका गर्जो टार्ने क्षेत्रको रुपमा रहेको पूँजी बजार असुरक्षित हुँदै गएकोतर्फ अर्थ मन्त्रालय, नेपाल राष्ट्र बैंक तथा धितोपत्र बोर्ड संवेदनशील हुनुपर्ने, शेयर बजार सुधारको लागि अनसनमा बसेका लगानीकर्ता प्रति सरकारले समयमा नै ध्यान दिनुपर्ने लगायतका विषयहरुमा सरकारको ध्यानाकर्षण गर्दछु भन्नुभयो ।

त्यसपछि मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले सरकारबाट गरिएको पेट्रोलियम पदार्थको मूल्य वृद्धिका सम्बन्धमा सार्वजनिक महत्वको वक्तव्य दिनुभयो ।

तदुपरान्त प्रतिनिधि सभा नियमावली, २०७५ को नियम २१९ को (२) बमोजिम उक्त वक्तव्यको सम्बन्धमा निम्नलिखित मा० सदस्यहरुले सोध्नुभएको प्रश्नको मा० उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री श्री दिलेन्द्र प्रसाद बडूले जवाफ दिनुभयो ।

१. मा० श्री खगराज अधिकारी
२. मा० डा० भिम बहादुर रावल
३. मा० श्री कृष्णभक्त पोखेल
४. मा० श्री योगेश कुमार भट्टराई
५. मा० श्री दिव्यमणि राजभण्डारी
६. मा० श्री राजेन्द्र प्रसाद लिङदेन
७. मा० श्री उमाशंकर अरगरिया
८. मा० श्री बिमला बि.क.
९. मा० श्री विमला विश्वकर्मा
१०. मा० श्री नवराज सिलवाल
११. मा० श्री रामबहादुर विष्ट
१२. मा० श्री पार्वता डि.सी. चौधरी
१३. मा० श्री प्रेम सुवाल
१४. मा० डा० डिला सँग्रौला (पंत)
१५. मा० श्री जगत बहादुर सुनार (विश्वकर्मा)
१६. मा० श्री नविना लामा
१७. मा० श्री गंगा चौधरी (सत्गौवा)
१८. मा० श्री रेखा शर्मा
१९. मा० श्री आशा कुमारी वि.क.
२०. मा० श्री राजेन्द्र प्रसाद गौतम
२१. मा० श्री माया देवी न्यौपाने

तत्पश्चात प्रारम्भ भएको शून्य समयमा निम्नलिखित मा० सदस्यहरुले समसामयिक विषयहरुमा आफ्नो भनाई राख्नुभयो :-

१. मा० श्री बिमला नेपाली
२. मा० श्री बृजेश कुमार गुप्त
३. मा० श्री बिमला वि.क.
४. मा० श्री भानुभक्त ढकाल
५. मा० श्री भिमसेन दास प्रधान
६. मा० श्री भैरव बहादुर सिंह
७. मा० श्री महेन्द्र कुमारी लिम्बु
८. मा० श्री माया देवी न्यौपाने
९. मा० श्री मिना सुब्बा
१०. मा० श्री मैना कुमारी भण्डारी
११. मा० श्री मोहन बानियां
१२. मा० श्री योगेश कुमार भट्टराई
१३. मा० श्री रंगमती शाही
१४. मा० श्री राजेन्द्र प्रसाद गौतम
१५. मा० श्री रानी मण्डल
१६. मा० श्री रामबहादुर विष्ट
१७. मा० श्री रामेश्वर राय यादव
१८. मा० श्री रेखा कुमारी
१९. मा० श्री रेखा शर्मा
२०. मा० श्री रेनुका गुरुङ्ग

त्यसपछि प्रारम्भ भएको विशेष समयमा निम्नलिखित मा० सदस्यहरुले विविध विषयहरुमा आफ्नो भनाई राख्नुभयो :-

१. मा० डा० भिम बहादुर रावल
२. मा० श्री सञ्जय कुमार गौतम

| | | | |
|---|---|---|---|
| ३. | मा० श्री हरिराज अधिकारी | १०. | मा० श्री दिव्यमणि राजभण्डारी |
| ४. | मा० श्री पार्वती कुमारी विशुन्के | ११. | मा० श्री धर्माशीला चापागाई |
| ५. | मा० श्री अनिल कुमार झा | १२. | मा० श्री थममाया थापा |
| ६. | मा० श्री प्रमोद साह | १३. | मा० श्री मिन बहादुर विश्वकर्म |
| ७. | मा० श्री राजेन्द्र प्रसाद लिङदेन | १४. | मा० श्री यज्ञबहादुर बोगटी |
| ८. | मा० श्री प्रेम सुवाल | १५. | मा० श्री रेखा कुमारी |
| ९. | मा० श्री खगराज अधिकारी | | |

तदुपरान्त मा० गृह मन्त्री श्री बालकृष्ण खांणले "सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, २०७९" र "तेजाब तथा अन्य घातक रासायनिक पदार्थ (नियमन) विधेयक, २०७९" लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस् भनी राख्नुभएको प्रस्तावलाई सम्माननीय सभामुखले क्रमशः निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवलाई "बिरूवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

त्यसपछि उक्त प्रस्तावमाथिको छलफलमा निम्नलिखित मा० सदस्यहरुले भाग लिनुभयो :-

| | | | |
|---|---|---|---|
| १. | मा० श्री प्रेम सुवाल | ३. | मा० श्री विमला वि.क. |
| २. | मा० श्री गंगा चौधरी (सत्गौवा) | ४. | मा० श्री सरिता कुमारी गिरी |

तदुपरान्त मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तत्पश्चात सम्माननीय सभामुखले "बिरूवा संरक्षण (पहिलो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

त्यसपछि मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवले "बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७६ माथि राष्ट्रिय सभाबाट भएको संशोधनमाथि विचार गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

तदुपरान्त उक्त प्रस्तावमाथिको छलफलमा मा० श्री गंगा चौधरी (सत्गौवा) र मा० श्री सरिता कुमारी गिरीले भाग लिनुभयो ।

तत्पश्चात मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री महिन्द्र राय यादवले छलफलमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

त्यसपछि सम्माननीय सभामुखले "बिउ बिजन (दोस्रो संशोधन) विधेयक, २०७६ का सम्बन्धमा राष्ट्रिय सभाबाट भएको संशोधनलाई स्वीकृत गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुँदा सर्वसम्मतिबाट स्वीकृत भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०७९ साल असार ९ गते बिहीबार दिनको १:०० बजे बस्नेगरी आजको बैठक दिनको ४:२० बजे स्थगित भयो ।

डा. भरतराज गौतम
संघीय संसदको महासचिव